सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्याः १६

आ.व:२०८२/०८३

मितिः २०८३ जेठ १०, आइतबार

समयः बिहान ८:०० बजे

स्थानः सुनापति गाउँपालिका, कार्यपालिका बैठक कक्ष

आज मिति २०८३ साल जेठ १० गते आइतवारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक वसी तपसिल वमोजिमका निर्णय गरियो।

<u>उपस्थितिः</u>

| | | |
|---|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष | |
| २. श्री गीता विष्ट | उपाध्यक्ष | |
| ३. श्री ध्रुव प्रसाद चौलागाईं | सदस्य | |
| ४. श्री पदम वहादुर थापा | सदस्य | |
| ५. श्री ~~कुल वहादुर~~ थिङ | सदस्य | |
| ६. श्री डण्डुप लामा | सदस्य | |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य | |
| ८. श्री रिता कामी धमला | सदस्य | |
| ९. श्री अविना लामा | सदस्य | |
| १०. श्री सुनमाया तामाङ | सदस्य | |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य | |
| १२. श्री टासी लामा | सदस्य | |
| १३. श्री मिन कुमार खाती | सदस्य | |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव | |

सहजकर्ताः

१५. श्री रविन्द्र कुरेल - प्रशासन शाखा

१६. श्री सर्मिला थिङ - कार्यालय सहयोगी

CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को सोह्रौं कार्यपालिका बैठक

१० जेठ २०८३
ने.स. ११४६ अनलाथ्व ८ आइतबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका वैठकको निर्णयहरुको समीक्षा सम्वन्धमा। | यस सम्वन्धमा विस्तृत छलफल गर्दा अघिल्ला गाउँकार्यपालिकाको वैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थावारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना अनुगमन र भुक्तानी सम्वन्धमा। | यस चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भई कार्यान्वयनमा रहेका र कार्यसम्पन्न भएका तपसिलका योजनाहरुको अनुगमन समितिवाट अनुगमन गरी भुक्तानी दिने ।<br>तपसिलः<br>१. घराङकोट वाटो ट्र्यक ओपन सुनापति ५ रु. १ लाख ५० हजार।<br>२. नाककाटे डाँडा करमडाँडा सडक स्तरोन्नति रु. ४ लाख।<br>३. लिङ्गेडाँडा कालीमर्याङ खानेपानी योजना रु. १ लाख ५० हजार।<br>४. देशार गाउँघट्टेखोला खानीगाउँ सडक ट्र्याक ओपन रु. ७ लाख।<br>५. हात्तीखोला कपेस्वरी मन्दिर निर्माण योजना रु. ३ लाख।<br>६. आदर्शटोल सामुदायिक भवन निर्माण रु. ५ लाख।<br>७. वागखोर डाँडा सामुदायिक भवन प्लाष्टर कोरा मसिनो रंगरोगन शौचालय निर्माण रु. ५ लाख।<br>८. सुकरानी खोला जाली वाल निर्माण योजना रु. ६ लाख।<br>९. दिमी मन्दर खानेपानी मर्मत रु. ५ लाख। |
| ३ | आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको मस्यौदा स्वीकृत कार्यतालिका वमोजिम नीति तथा कार्यक्रम लेखन समितिमार्फत तयार गरी आगामी कार्यापलिका वैठकमा छलफलको लागि पेश गर्ने। |
| ४ | आगामी आ.व. २०८३/०८४ को वजेट तर्जुमा सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को वजेट तथा कार्यक्रमको विनियोजन विधेयक, २०८३ सहितको वजेटको मस्यौदा स्वीकृत कार्यतालिका वमोजिम वजेट तथा कार्यक्रम लेखन समितिमार्फत तयार गरी आगामी कार्यापलिका वैठकमा छलफलको लागि पेश गर्ने। |
| ५ | गणतन्त्र दिवस मनाउने सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा नेपाल सरकार गृह मन्त्रालयको पत्र र जिल्ला प्रशासन कार्यालय रामेछापको निर्णय सहितको पत्रानुसार गणतन्त्र दिवस २०८३ जेठ १५ मनाउनको लागि यस सुनापति गाउँपालिकाको अध्यक्ष श्री ठुलोकान्छा तामाङको संयोजकत्वमा र तपसिलको पदाधिकारीहरु सदस्य रहने गरी सुनापति गाउँपालिका गणतन्त्र दिवस समारोह समिति, २०८३ गठन गरी यस |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | | गाउँपालिकाको सर्व सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका छत, वरण्डा र कार्यालय परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।<br>तपसिलः<br>संयोजकः अध्यक्ष श्री ठुलोकान्छा तामाङ<br>सदस्यः उपाध्यक्ष श्री गिता विष्ट<br>सदस्यः प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ<br>सदस्यः वडा नं. १ अध्यक्ष श्री ध्रुव प्रसाद चौलागाई<br>सदस्यः वडा नं. २ अध्यक्ष श्री पदम वहादुर थापा<br>सदस्यः वडा नं. ३ अध्यक्ष श्री कुल वहादुर थिङ<br>सदस्यः वडा नं. ४ अध्यक्ष श्री डण्डुप लामा<br>सदस्यः वडा नं. ५ अध्यक्ष श्री चित्र वहादुर मानन्धर<br>सदस्यः शिक्षा शाखा प्रमुख श्री कमल वहादुर वम<br>सदस्यः जिन्सी शाखा प्रमुख श्री देव शंकर यादव<br>सदस्यः रोजगार संयोजक श्री कर्ण वि.क.<br>सदस्यः सामी कार्यक्रम सहजकर्ता श्री सिता मोक्तान<br>सदस्य सचिवः प्रशासन शाखा श्री रविन्द्र कुरेल। |
| ६ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गतको वजेट कार्यान्वयन सम्बन्धमा। | यस सम्वन्धमा छलफल गर्दा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट सुनापति गाउँपालिकाको सुनापति आधारभूत अस्पताल सञ्चालनको लागि प्राप्त रु.४६ लाख ६० हजारवाट सुनापति आधारभूत अस्पतालमा अतिआवश्यक देहायको कार्यहरु गर्न सो वजेट खर्च गर्नेः<br>तपसिलः<br>१. सफ्टवेयर व्यवस्थापनः रु.१० लाख।<br>२. अर्थिङ्ग व्यवस्थापनः रु. २ लाख।<br>३. विद्युत तार व्यवस्थापन तथा विद्युतिकरणः रु. १० लाख।<br>४. सोलार व्याट्री व्यवस्थापन रु. ४ लाख।<br>५. फार्मेसी औषधि खरिदः रु. १० लाख।<br>६. फर्मासिस्ट र डेन्टल हाइजेनिस्ट पदपूर्ति र तलव भत्ताः रु.१ लाख।<br>७. डेन्टल सेवा सामग्री व्यवस्थापनः रु. २ लाख।<br>८. इन्सिलेटर निर्माण रु. १ लाख।<br>९. अस्पतालको लागि कम्प्यूटर र वारकोड प्रिन्टर वारकोड रिडर व्यवस्थापन लगायत रु. ४ लाख।<br>१०. तलव भत्ता । |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner